नेपाल सरकार

उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय

**नेपाल खाद्य संस्थानको**

**महाप्रबन्धकको नियुक्तिका लागि गठित छनौट तथा सिफारिस समितिको**

## पदपूर्ति सम्बन्धी सूचना

**(तेश्रो पटक प्रकाशित मिति २०७५/०१/०६)**

नेपाल खाद्य संस्थानमा रिक्त रहेको महाप्रबन्धक पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गर्न मिति २०७४।०५।०९ गते प्रकाशित सूचना अनुसार तोकिएको म्याद भित्र दुई जना उम्मेदवारको मात्र रितपूर्वकको दरखास्त पर्न आएकोले नेपाल खाद्य संस्थानको महाप्रबन्धकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७४ को दफा ८ को उपदफा (३) अनुसार पुन: दोश्रो पटक मिति २०७४/१०/०६ गते ७ दिनको म्याद दिई दरखास्त आव्हान गरेकोमा दोश्रो पटक पनि प्रयाप्त दरखास्तहरु पर्न नआएको हुंदा नेपाल खाद्य संस्थानको महाप्रबन्धकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि(संशोधित), २०७५ को दफा ८ उपदफा (३) अनुसार पहिलो र दोश्रो सूचना बमोजिम प्राप्त दरखास्तहरुलाई यथावत राखी पुन: यो सूचना प्रकाशन गरिएको छ । देहाय बमोजिमको योग्यता भएका इच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयको आपूर्ति व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौमा गोप्य शिलबन्दी आवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **योग्यता तथा अनुभव:**

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातकोत्तर तहको शैक्षिक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच बर्ष काम गरेको,

ख) तीस वर्ष उमेर पुरा भई पैंसठ्ठी वर्ष उमेर ननाघेको ।

२. **दरखास्त पेश गर्ने प्रक्रिया :**

क) दरखास्तसाथ उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयको (आपूर्तितर्फ) website: www.mos.gov.np मा प्रकाशित महाप्रबन्धकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ बमोजिमको कागजात तथा विवरण र दफा ४ अनुसारको स्वयं घोषणाको व्यहोरा निवेदक स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

ख) दरखास्त पेश गर्दा शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यैक्तिक विवरण र २ प्रति पासपोर्ट साइजको फोटो तथा उपर्युक्त कार्यविधिको दफा ६ बमोजिमको व्यावसायिक कार्ययोजना (पाँच हजार शब्दमा नबढ्ने गरी) गोप्य शिलवन्दी गरी उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयको आपूर्ति व्यवस्थापन महाशाखामा पेश गर्नु पर्नेछ । गोप्य शिलबन्दी प्रस्तावको खाम बाहिर **"नेपाल खाद्य संस्थानको महाप्रबन्धकका लागि आवेदन तथा व्यावसायिक कार्ययोजना"** उल्लेख गरेको हुनुपर्नेछ ।

३. **व्यावसायिक कार्ययोजनाको प्रस्तुतीकरण :**

छनौट सूचीमा परेका उम्मेदवारहरुले आफूले पेश गरेको व्यावसायिक कार्ययोजना तोकिएको मिति र समयमा प्रस्तुतीकरण समेत गर्नु पर्नेछ ।

४. **दस्तुर :**

दरखास्त दस्तुर बापत उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयको (आपूर्तितर्फ) कोड नं.: २७-३०६-०१, राजस्व खाता: ५२०१२६५ तथा राजस्व शीर्षक: १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक, सिंहदरवार शाखामा रू.५,०००।- (अक्षरेपी पांच हजार) मात्र बुझाएको सक्कलै भौचर पेश गर्नु पर्नेछ ।

५. **पारिश्रमिक :**

महाप्रबन्धकलाई करारमा उल्लेख भए बमोजिमका शर्तहरूका आधारमा मासिक पारिश्रमिक तथा अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

६. **अन्य विवरण:**

क) महाप्रबन्धकको छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७५ बमोजिमको काम, कर्तव्य तथा अधिकार र व्यावसायिक कार्ययोजनामा समाबेश गर्नुपर्ने विषयका सम्बन्धमा उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयको (आपूर्तितर्फ) website: www.mos.gov.np बाट जानकारी लिन सकिनेछ ।

ख) यो सूचना बमोजिम प्राप्त भएका दरखास्त छनौट तथा सिफारिस समितिले कुनै कारण उल्लेख गरी वा नगरी रद्द गर्न सक्नेछ ।

ग) झुट्टा विवरण वा कागजात पेश गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

घ) यस सम्बन्धी थप जानकारीका लागि उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय, आपूर्ति व्यवस्थापन महाशाखा वा टेलिफोन नं. ४२११६३१ मा सम्पर्क गर्न सकिनेछ ।